# **वैदेशिक रोजगार म्यादी जीवन बीमा सामुहिक कोष (पुल) संचालन सम्बन्धी निर्देशन, २०८१ (पहिलो संसोधन)**

**स्वीकृत मिति: २०८१/११/०६**

**प्रस्तावना:** वैदेशिक रोजगार म्यादी जीवन बीमा सामुहिक कोष (पुल) संचालन सम्बन्धी निर्देशन, २०८१ समयसापेक्ष संसोधन गर्न बाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायका निर्देशन जारी गरेको छ।

१. **संक्षिप्त नाम तथा प्रारम्भ:** (१) यो निर्देशिकाको नाम "वैदेशिक रोजगार म्यादी जीवन बीमा सामुहिक कोष (पुल) संचालन सम्बन्धी निर्देशन, २०८१ (पहिलो संसोधन)" रहेको छ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ।

२. **वैदेशिक रोजगार म्यादी जीवन बीमा सामुहिक कोष (पुल) संचालन सम्बन्धी निर्देशन, २०८१ को दफा ५ मा संसोधन:** वैदेशिक रोजगार म्यादी जीवन बीमा सामुहिक कोष (पुल) संचालन सम्बन्धी निर्देशन, २०८१(यस पछि "मूल निर्देशन" भनिएको) को दफा ५ मा रहेका "पुनर्बीमकहरुले संयुक्त रुपमा" भन्ने शब्दको सट्टा "प्रत्येक पुनर्बीमकले चार वर्षको लागि पालैपालो" भन्ने शब्दहरु राखिएको छ।

३. **मूल निर्देशनको दफा ८ मा संसोधन:** मूल निर्देशनको दफा ८ को सट्टामा देहायको दफा ८ राखिएको छ:

"**८. व्यवस्थापन खर्च प्राप्त गर्ने:** (१) बैदेशिक रोजगार म्यादी जीवन बीमालेख जारी गर्ने सदस्य बीमकले बीमालेख जारी गर्ने देखि दावी भुक्तानी सम्मको कामको लागि व्यवस्थापन खर्च स्वरुप बीमा शुल्कको एक प्रतिशत हुने रकम पाउनेछ।

(२) कोष प्रवन्धकले बीमाङ्कीय मूल्याङकनको लागि लागेको वास्तविक खर्च सदस्य बीमकहरुमा बीमाशुल्क बाँडफाँडको आधारमा मिलान गर्नेछ।

(३) कोष प्रवन्धकले सामूहिक बीमा कोषको पुनर्बीमाको प्रवन्ध गर्नेछ।"